स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नायिका बर्षा सिवाकोटी अभिनित पछिल्लो फिल्म 'परदेशी २' यही असोज २६ गतेदेखि प्रदर्शनमा आउँदैछ । नारायण रायमाझी निर्देशित फिल्ममा बर्षाले बोल्ड भूमिका निभाएकी छन् । फिल्ममा उनीसँगै प्रकाश सपुत र केकी अधिकारीको मुख्य भूमिका छ । बर्षा फिल्मसँगै आफ्नो व्यक्तिगत जीवनका उतार चढावले पनि मिडियाको हेडलाइन् बन्छिन् । तर पछिल्लो पटक चर्चामा आएको उनको बिबाह र सम्बन्ध बिच्छेदले भने बर्षालाई बलियो बनाएछ ।

आजको विचार...



कृष्ण पोखरेल

भाषणले... (दुई पेजमा)



विनय श्रेष्ठ, शिल्पा मास्के, सञ्जोग कोइरालाको शीर्ष भूमिका रहेको वेब सिरिज 'लभ सूत्र'को टिजर सार्वजनिक भएको छ । यो सिरिज कान्तिपुर सिनेमाज् ओटीटी प्लेटफर्ममा स्ट्रिमिङ हुने बताइएको छ । फिल्मको पढाइ हुने कान्तिपुर एकेडेमीले दशौं छेकोबाट ओटीटी सञ्चालनमा ल्याउँदैछ । सञ्चालन अघि उसले नेपाली फिल्मका चर्चित कलाकारहरु समावेश भएको नयाँ वेब सिरिजको टिजर ल्याएको हो । रोमान्टिक लभस्टोरी र कमेडी जनरामा बनेको यो वेब सिरिजमार्फत अभिनयमा विनयको पुनरागमन समेत हो ।

❑ वर्ष २९ ❑ अंक ८५ ❑ २०८० असोज २३ गते मंगलबार 10 October 2023, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# इजरायलबाट विद्यार्थीको गुहार, छिट्टै उद्दार गर्ने सरकारको आश्वासन

## विद्यार्थीको मृत्युमा आज राष्ट्रिय शोक घोषणा, मृतकका परिवारलाई १० लाख राहत

**हाम्रा संवाददाता**

**पाल्पा,** असोज २२/इजरायलको द्वन्द्वग्रस्त क्षेत्रमा आफ्ना १० जना साथी गुमाएका सुदूरपश्चिम विश्वविद्यालयका विद्यार्थीहरुले आफूहरुलाई उद्धार गरिदिन सरकारसँग गुहार गरेका छन् । बंकरभित्र साथीहरुसँग रहेका विपिन सुवेदीले भिडियोमार्फत आफूहरू तीन दिनदेखि मानसिक र शारीरिक पीडाबाट गुज्रिरहेको भन्दै चाँडो उद्धार गरिदिन भन्दै सरकारसँग गुहार मागेका हुन् ।

साथीहरुसँगै रहेका सुरज भण्डारीले पनि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भावुक पत्र लेख्दै युद्व तत्काल रोकिने अवस्था नरहेकाले तत्काल उद्धार गरिदिन आग्रह गरेका छन् । उनले कृषि तथा वन विज्ञान विश्वविद्यालयबाट स्नातक सकिने लागेका विध्यार्थीहरु (११४) जना अहिले हामी इजरायल र हमासको द्वन्दको चपेटामा फसेकाले तत्काल उद्दार गरिदिन सरकारलाई आग्रह गरेका छन् । उनले लेखेका छन् '११ महिनामा यस देशबाट केही सिप लिएर नेपाल फर्किएर नेपालमा केही गर्ने हाम्रो





सपनाको संसार भत्किदै गइराखेको छ । हाम्रो आत्माबल घट्दै गइराखेको छ, हामी मानसिक तनावमा पुग्न आँटिसकेका छौं अब धेरै सोच्ने परिस्थिती पनि बाँकी रहेन । आकाशमा चरा उडेको देखेका हामी, आज मिसाईल र फाइटर प्लेन देख्नुपरेको छ । तिहारमा पटका खुशिका साथ रमाउदै हेरेका हामी आज आफू अगाडि बन्दुक पड्किराखेको देखेर त्रसित छौं । बंकरमा लुक्यो भने बंकर भित्र नै छिरेर आक्रमण भइराखेको छ । हामी हाम्रा सुदुरपश्चिम विश्वविद्यालयका सहपाठी साथीको निधनले छाती चिरिएको छ । हामी स्तब्ध छौ, हमलामा पर्यो भने गोली निल्नेको अर्को विकल्प केही पनि छैन । लुकेर बसेका हामीहरु खाना र पानीको समस्यामा जुध्नुपरेको छ । नखाउँ भने भोक र प्यास लाग्छ, खाउँ भने बाहिर शौचालय जान डर लाग्छ । आक्रमण हावा, जमिन, जमिनमुनि सबैतिर भइराखेको छ । विभिन्न देशको समर्थनले गर्दा युद्व यत्तिकै रोकिने अवस्था पनि छैन । यो युद्व लामो छ । हामीलाई भर्खरै हाम्रो देश फर्कन मन छ ।'

प्रधानमन्त्री प्रचण्डले भने विद्यार्थीसँग सिधै संवाद गरी छिट्टै उद्दार गर्ने आनश्वासन दिएका छन् । उनले सोमबार नै मन्त्रिपरिषद्को विशेष बैठक राखी उद्दार र राहत उपलब्ध गराइने बताएका छन् । सरकारले इजरायलमा रहेका नेपालीहरूलाई स्वदेश फिर्ता ल्याउनका लागि जहाज पठाउने तयारी गरेको छ । बैठकले नेपाल फर्किन चाहनेका लागि जहाज पठाउने निर्णय गरेको हो । इजरायलमा रहेका नेपाली ल्याउन जहाज पठाइने, सबै खर्च सरकारले बेहोर्ने उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले बताएका छन् । अनलाइन फारम भरेका आधारमा संख्या पुगेपछि उनीहरूलाई लिन जहाज पठाइने मन्त्रिपरिषद्को निर्णयमा छ ।

सरकारले इजरायलमा हमासको आक्रमणमा परेर १० जना नेपाली विद्यार्थीहरूको मृत्यु भएकोमा मंगलबार (आज) राष्ट्रिय शोकमा घोषणा समेत गरेको छ । उनीहरूको सम्मानमा आज आधा झण्डा झुकाइने छ । देशभरका सरकारी कार्यालय र विदेशस्थित नेपाली नियोगहरूमा राष्ट्रिय झण्डा आधा झुकाउने बताइएको छ । त्यस्तै, सरकारले ज्यान गुमाएकाको परिवारलाई १०/१० लाख राहत दिने निर्णय पनि गरेको छ । सोमबार बसेको मन्त्रिपरिषदको बैठकले उक्त निर्णय गरेको सरकारकी प्रवक्ता सूचना तथा सञ्चार प्रविधिमन्त्री रेखा शर्माले बताइन् । सुदूरपश्चिम विश्व विद्यालयबाट ४९ जना विद्यार्थीहरू इजरायल गएका थिए । जसमध्ये सुदूरपश्चिमका ७ जनासहित १० जना विद्यार्थीको निधन भएको परराष्ट्र मन्त्रालयले पुष्टि गरेको छ । शनिबार बिहानदेखि सुरू भएको आक्रमण जारी छ ।

हमासको नियन्त्रणमा रहेको इजरायलको दक्षिणी क्षेत्र सेदोत नेगेभबाट अहिले ३२ जना नेपालीलाई उद्धार गरी सुरक्षित स्थानतर्फ लगेको छ । इजरायली सेनाले स्कर्टिङ गरेर उनीहरुलाई सुरक्षित स्थानतर्फ लगेको हो । परराष्ट्र मन्त्रालयले अलपत्र परेका नेपालीलाई आवश्यक जानकारी, सहयोग र सहजीकरण गर्न सम्पर्क व्यक्तिहरू तोकी विवरण सार्वजनिक गरेको छ । मन्त्रालयका दुई सहसचिव, एक उपसचिव, एक शाखा अधिकृत, राजदूत कान्ता रिजाल (९७२५४५८६४४२३) र प्रथम सचिव अर्जुन घिमिरे (९७२५२८२८९३००) मा सम्पर्क गर्न अपिल गरिएको छ ।

## संक्षिप्त समाचार

### वर्षाका कारण हजारौं विस्थापित

**(रासस/सिन्ह्वा)**

**याङ्गुन,** असोज २२/दक्षिणी म्यान्माको बागो क्षेत्रमा आइतबार भएको भारी वर्षाका कारण हजारौं नागरिक विस्थापित हुनुका साथै रेल यातायात अवरुद्ध भएको स्थानीय अधिकारीहरूले सोमबार बताएका छन् ।

बागो क्षेत्रको समाज कल्याण, राहत तथा पुनरवास मन्त्रालयका निर्देशक उ थाउङ स्वेले बाढीका कारण १४ हजार तीन सय चार नागरिकले ३६ वटा राहत शिविरमा आश्रय लिएको बताए । उनका अनुसार पानीको सतह निरन्तर बढिरहेकाले उद्धार संस्थालगायत सम्बन्धित निकायले उद्धार कार्य जारी राखेका छन् । म्यान्माको यातायात तथा सञ्चार मन्त्रालयले बाढीका कारण याङ्गुन जाँदै गरेको दुई वटा यात्रुवाहक रेलमा सवार करिब आठ सय यात्रुलाई आइतबार साँझ जहाजहरूमा राखेर पुर्याइएको बताएको छ ।

बाढीकै कारण आइतबार बागो सहर हुँदै जाने चार वटा यात्रुबाहक रेलको यात्रा रद्द गरिएको थियो । एक रेलवे अधिकारीले बागो क्षेत्र हुँदै चल्ने रेलका यात्रा सोमबार पनि स्थगित गरिएको जानकारी दिए । म्यान्माको जल तथा मौसम विज्ञान विभागले बागो नदीमा पानीको सतह सोमबार खतराको स्तरभन्दा चार इन्च माथि रहेको बताएको छ ।

## पहिरोले जेसीबी पुरिदा चालकको मृत्यु



**पाल्पा,** असोज २२/जिल्लाको रामपुरमा पहिरो खस्ता जेसीबी चालकको मेसिनसँगै पुरिएर मृत्यु भएको छ । आइतबार साँझ रामपुर नगरपालिका -१० मा बर्दलेबाट टोक्सेतर्फ जाने भित्री सडक खण्डमा माथिबाट खसेको सुख्खा पहिरोले बा २ क १९५७ नम्बरको जेसीबी पुरिदा चालकको मृत्यु भएको हो ।

मृत्यु हुनेमा दाङ शान्तिनगर गाउँपालिका-१ का ३० वर्षीय धनबिर खड्का रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक एवं प्रवक्ता सुगन्ध श्रेष्ठले जानकारी दिए । सडक मर्मतको काम गरिरहेको अवस्थामा माथिबाट अचानक सुक्खा पहिरो झरी जेसीबीसहित चालक पुरिन जाँदा चालक खड्का गम्भीर घाइते भएका थिए । उनको उपचारका क्रममा सोमबार विहान युनाइटेड मिसन अस्पतालमा मृत्यु भएको हो । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## दसैंको मुखमा अखाद्य वस्तुको बिगबिगी

**गलकोट (बागलुङ),** असोज २२/बागलुङ बजारका चोक-चोकका पसलमा अहिले रङ्गीचङ्गी झिनियाँ पाइन्छ । उक्त आकर्षक रङ्ग प्रयोग गरिएको झिनियाँ अखाद्य वस्तु भएकाले स्वास्थ्यमा प्रतिकूल असर पर्ने देखिन्छ ।

उक्त झिनियाँको न त उत्पादन मिति छ न त उपभोग्य मिति नै छ । यस्तै जिल्लामा उत्पादन भइरहेको धौलागिरि भुजाले उपभोग्य मिति नै केरमेट बनाएर बजारमा ल्याएको छ । भुजाको उत्पादन मिति र उपभोग्य मिति केरमेट गरेर नयाँ मिति कायम गरेको पाइएकाले उक्त भुजालाई गोदाममा फर्काउन निर्देशन दिइएको छ । झिनियाँ र भुजा मात्रै होइन कुरकुरे, लेज, बियर, कोक, फ्यान्टा र सुजी लगायतका वस्तुमा उपभोग्य वस्तुको मिति गुज्रेको पाइएको छ । यस्ता वस्तुहरु उपभोगका लागि अखाद्य



मानिन्छ । बागलुङ बजारमा दसैंको मुखमा अखाद्य वस्तुको बिगबिगी नै देखिएको छ । चाडपर्वका अवसरमा अस्वाभाविक मूल्यवृद्धि र अखाद्य वस्तुको बिक्री वितरण भइरहेको गुनासोपछि बजार अनुगमनलाई तीव्र गति दिने क्रममा अखाद्य बस्तु अत्यधिक पाइएको बागलुङका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिए । 'व्यापारीले ज्ञान नभएर हो या उपभोक्ताको स्वास्थ्यमाथि खेलबाड गरेर हो, आफ्नो पसलमा बिक्रीका लागि राखिएको सामग्रीको उपभोग्य मिति हेर्न आवश्यक छ, कतिपय खुद्रा व्यापारीहरुले मिति सकिएको सामग्री खरिद गरेर ल्याएको समेत पाइयो', बरालले भने, 'बागलुङका अधिकांश किराना पसलमा मिति गुज्रेका सामग्री पाइयो जुन अखाद्य पदार्थ हो, स्वास्थ्यका लागि व्यापारीहरुले खेलबाड गरिरहेका छन् ।' पर्यटन तथा उद्योग कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, बागलुङ नगरपालिका र जिल्ला प्रशासन कार्यालयले संयुक्त रुपमा बजार अनुगमन गर्दा अखाद्य पदार्थ पाइएको हो । बागलुङको पुरानो बजारमा बढी म्याद गुज्रेका खाद्य सामग्री पाइएको छ । अनुगमनलाई राष्ट्रिय उपभोक्ता मञ्च र जिल्लाका पत्रकारहरुले साथ दिइरहेका छन् । बागलुङ बजारको भलायटोल, देउरालीचोक, कम्पुटोल, पेन्सन क्यामरोड लगायतका क्षेत्रमा बजार अनुगमन गरिसकेको छ । अनुगमनका क्रममा धौलागिरि भुजामा मिति सच्याएको, अर्ना बियरमा मिति गुज्रेको र रिजालको दालमोठमा मिति गुज्रेको पाइएको छ । यस्तै अनुगमनका क्रममा लेज, सुजी, बिस्कुट, चाउचाउ, मह, कुरकुरे, ृयान्टा, कोक तथा स्प्राइटको समेत मिति गुज्रेको पाइएकाले नष्ट गरिएको छ ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नवजनचेतना

# सम्पादकीय

## मानसिक रुपमा स्वस्थ रहन सकारात्मक सोचौं

हरेक वर्ष अक्टोबर १० मा 'विश्व मानसिक स्वास्थ्य दिवस' मनाउने गरिएको छ । दिवसले मानसिक स्वास्थ्य सम्बन्धी जनचेतना जगाउने काम गरेको छ । विश्व स्वास्थ्य संगठनको आवद्धता हुने मानसिक स्वास्थ्य दिवस नेपालमा पनि मनाउने गरिएको छ । दिवसको यस वर्षको नारा 'मानसिक स्वास्थ्य मानव अधिकार हो' भन्ने रहेको छ । सन् १९९२ देखि हरेक वर्ष यो दिवस मनाउने गरिएको हो । विश्वमा अहिले मानसिक स्वास्थ्य समस्या बढ्दै गएको छ । बढ्दो बेरोजगारी, अव्यवस्थित जीवनशैली, असफलता, मानसिक तनाव लगायत समस्याले नेपालमा पनि मानसिक रोगीको संख्या हरेक वर्ष बढ्दै गएको देखिन्छ । मानवमा सबैभन्दा बढी हुने मुटु तथा रक्तसञ्चारका रोगपछि दोस्रो बढी हुने रोग उदासीपन (डिप्रेसन) मानसिक समस्या हो । तर, नेपालमा चेतनाको अभावमा जनमानसमा, विद्वान् वर्ग, स्वास्थ्यकर्मी एवं स्वास्थ्यनीति निर्माताले अझै पनि मानसिक स्वास्थ्यलाई न्यून प्राथमिकता दिने, रोगीलाई हेलचेक्र्याइँ र भेदभावपूर्ण व्यवहार गर्ने गरेको पाइन्छ ।

मानसिक रोगसम्बन्धी थुप्रै गलत धारणा र अन्धविश्वास व्याप्त छन् । मानसिक रोग भन्नासाथ मानिसहरू पागलपन भनी अर्थ लगाउँछन् । यसो गरिनु गलत हो । मानसिक रोगीहरुलाई उचित परामर्श र माया दिने हो भने उनीहरु स्वस्थ बन्न सक्छन् । मानवका लागि शारीरिक भन्दा पनि मानसिक स्वास्थ्य धेरै महत्वपूर्ण मानिन्छ । मानिसको शरीर सञ्चालनको लागि समेत मस्तिस्क स्वस्थ हुनु अनिवार्य छ । आजका मानिसहरुमा कम शारीरिक समस्या र धेरै मानसिक समस्या हुने गरेको पाइन्छ । मानसिक रुपमा समस्या भएको कारणले नै हामीहरुमा अन्य स्वास्थ्य समस्याहरु समेत रहेको पाइएको छ । मानसिक रोग मन र मस्तिस्कमा लाग्ने रोग हो । चलायमान मनले नै शरीरलाई सही वा गलत मार्गमा लैजाने गर्दछ । त्यसैले मानसिक रोगको प्रभाव पनि मन र मस्तिस्कमा लाग्ने गर्दछ । मन र मस्तिस्कलाई स्वस्थ राख्न सकारात्मक सोच राख्न आवश्यक छ । धेरै मानिसहरुमा नकारात्मक सोच, अरुसँग तुलना गर्नु, अरुसँग जलन हुनु, कसैको नराम्रो चाहनु, बदलाको भावना राख्नु आदि कारणले नै मानसिक रुपमा कमजोरी भएको हुन्छ । यस्ता सोचाई एवं भावनाले हाम्रो मस्तिस्कमा आवश्यकताभन्दा धेरै विचार उत्पन्न हुने गर्छ । जसले गर्दा दिलको गति बढ्न थाल्छ र हाईपरटेन्सन जस्ता रोगले आक्रमण गर्ने सम्भावना हुन्छ । तसर्थ नकारात्मक गतिबाट टाढा भएर सकारात्मक सोचलाई पश्रय दिनु नै मानसिक रोग लाग्न नदिनु हो । यसतर्फ सबैले ध्यान दिन सकियो भने मात्र मानसिक रुपमा स्वस्थ रहन सकिन्छ ।

### Opinion @ Social Network

तितो तर सत्य, सबै चिज पूरा गर्नको लागि धन धेरै महत्वपूर्ण छ ।
चाहे त्यो मित्रता होस्, प्रेम होस् या सम्बन्ध ।
(दिपु मगरको फेसबुक स्टाटस *https://www.facebook.com/dbthapa.magar.14*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भाषणले मात्र विकास हुँदैन नेता ज्यू !



कृष्ण पोखरेल

**विकास निर्माणमा पाल्पा दिनहुँ पछाडी पर्दै गएपछि जिल्लामा हरेक दिन बसाईसाराई गर्दै अन्य जिल्लामा जानेको संख्या दिनहुँ बढ्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो । पाल्पा शिक्षा र स्वास्थ्यको दृष्टिकोणले अत्यन्त राम्रो मानिए पनि पछिल्लो समय राजनीतिक दलका नेताहरुमा दीर्घकालिन सोंच र चिन्तन नहुँदा विस्तारै खस्कदै गएको छ । केही सयम यता तानसेनमा रहेको मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेजमा स्वास्थ्य बिमा कार्यक्रम बन्द भएपछि पाल्पा अस्पतालमा विरामीको चाप थामी सक्नु छैन । दैनिक ६ सयको संख्यामा पाल्पा अस्पतालमा विरामीले चेकजाँच गर्न थालेपछि आवश्यक संख्यामा चिकित्सकको अभाव खड्किएको छ । त्यो पूर्ति गर्न पाल्पा अस्पतालमा डाक्टर ल्याइए पनि आएको ३ दिनमै सरुवा गरिएको छ । यही असोज १६ गते पाल्पा अस्पतालमा हाजिर भएका चिकित्सक डा. किशोर बञ्जाडेलाई लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले ३ दिनमै सरुवा गरेपछि त्यो अहिले सर्वत्र चासोको विषय बनेको छ ।**

हाम्रा नेताहरुको अधिकांश समय सभा, समारोह, शिल्यान्यास, उद्घाटन, प्रवचन, पुरस्कार वितरण जस्ता कार्यक्रममा जाने गरेको छ । जसले गर्दा निर्णायक तहमा आसीन व्यक्ति महत्वपूर्ण काममा पर्याप्त समय दिन असमर्थ हुँदो रहेछ । निर्णय गर्नुपर्ने कुरामा उनीहरूको जानकारी, दखल र चासो पुग्दैन र धेरै काम अलपत्र पर्छ । विकास-आयोजनाको दुर्गति हुन्छ । जब निर्णय गर्नुपर्ने अधिकारी नै विषयप्रति छ्याङ्ङ हुँदैनन्, त्यस्ता परियोजना कार्यान्वयनमा आउने सम्भावना नै हुँदैन । नेपालमा जति पनि योजना बने ती सबै दीर्घकालीन सोच लिएर बनेनन् । सम्पूर्ण दल, देश र जनताका साझा योजना बनेनन् । जति बन्यो, पार्टीको बन्यो, नेताको बन्यो, योजना आयोगको बन्यो । पहुँच भएका कार्यकर्ताको बन्यो, मन्त्रीको बन्यो । समग्रमा पार्टी र नेताको दबाबमा योजना पऱ्यो । तर, देशको योजना बन्दै बनेन । त्यसैले योजनाको चर्को डम्फूचाहिँ बज्यो, फलचाहिँ निस्केन । हरेक राजनीतिक दलका नेताहरु भाषण गर्नमा निकै माहिर बने तर आफै बोलेका कुराहरु कार्यान्वयनमा भने चुके । नेताहरुले समृद्धिका ठूला - ठूला सपनाहरु बाँड्दै सोही अनुसार भाषण पनि गर्दै आएका छन् । तर सो अनुसारको काम हुन सकेको छैन् । विकासका पूर्वाधारहरु निमार्णमा राजनीतिक दलका नेताहरुबाट थुप्रै आश्वासन जनताले पाएपनि कार्यान्वयनका चरणमा निरास बन्नु बाहेक अरु केही भएन । यहाँ पाल्पाको स्वास्थ्य क्षेत्रको विकासमा दलका नेताहरुले खेलेको भूमिका र कार्यान्वयनको अवस्थाका बारेमा केन्द्रीत रहेर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

पाल्पाका राजनीतिक दल, दलका नेताहरु भाषणमा मात्र सिमित हुँदा जिल्ला हरेक कुरामा पछाडी पर्दै गएको महशुस आम सर्वसाधारणहरुले गर्न थालेका छन् । विकास निर्माणमा पाल्पा दिनहुँ पछाडी पर्दै गएपछि जिल्लामा हरेक दिन बसाई सराई गर्दै अन्य जिल्लामा जानेको संख्या दिनहुँ बढ्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो । पाल्पा शिक्षा र स्वास्थ्यको दृष्टिकोणले अत्यन्त राम्रो मानिए पनि पछिल्लो समय राजनीतिक दलका नेताहरुमा दीर्घकालिन सोंच र चिन्तन नहुँदा विस्तारै खस्कदै गएको छ । केही सयम यता तानसेनमा रहेको मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेजमा स्वास्थ्य बिमा कार्यक्रम बन्द भएपछि पाल्पा अस्पतालमा विरामीको चाप थामी सक्नु छैन । दैनिक ६ सयको संख्यामा पाल्पा अस्पतालमा विरामीले चेकजाँच गर्न थालेपछि आवश्यक संख्यामा चिकित्सकको अभाव खड्किएको छ । त्यो पूर्ति गर्न पाल्पा अस्पतालमा डाक्टर ल्याइए पनि आएको ३ दिनमै सरुवा गरिएको छ । यही असोज १६ गते पाल्पा अस्पतालमा हाजिर भएका चिकित्सक डा. किशोर बञ्जाडेलाई लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले ३ दिनमै सरुवा गरेपछि त्यो अहिले सर्वत्र चासोको विषय बनेको छ । अस्पताल विकास समितिका अध्यक्ष गुराँश आत्रेयले असोज १९ गते नै सर्वदलिय बैठक आह्वान गरी सरुवा प्रक्रियालाई राजनीतिक दलबाट रोक्नु पर्ने विषयमा छलफल चलाएपनि असोज २१ गते मुख्यमन्त्री कार्यालयबाट डा. बञ्जाडेलाई गुल्मी अस्पतालमा कामकाजमा खटिनु भनि पत्र पठाएको छ । सरुवा रोक्न सकिन्छ कि भनेर सर्वदलिय बैठक गयौं तर आइतबार मुख्यमन्त्री कार्यालयबाट सरुवा सदर भएको पत्र आएको अस्पताल विकास समितिका अध्यक्ष आत्रेयले बताए । मुख्यमन्त्री डिल्ली बहादुर चौधरीले असोज १९ गते डा. बञ्जाडेको सरुवा रोकिने आश्वासन दिए पनि पाल्पाका राजनीतिक दलहरुलाई थाङ्ग्रामा सुताएका छन् । डा. बञ्जाडेलाई प्रदेश स्वास्थमन्त्री राजु खनालले मन्त्रालयसँग समन्वय नगरी अस्पतालमा हाजिर भएको कुरालाई लिएर सरुवा गरिएको हो, तर सो सरुवालाई मुख्यमन्त्री कार्यालयबाट भने सदर गरिएको थियो । यसले पनि के प्रष्ट हुन्छ भने राजनीतिक दलका नेताहरुबिचको समन्वय र सहकार्य नहुँदा यस्तो समस्या उत्पन्न भएको हो ।

पाल्पाका राजनीतिक दलका नेताहरु झुटो भाषण ठोक्ने तर उपलब्धीमुलक काम नगर्ने, कसैले गरेको कामलाई जस लिन होडवाजी गर्ने नेताका रुपमा परिचित भएका छन् । खासगरी पाल्पाली जनताले हालसम्म पनि पुराना दल र नेताहरुलाई विश्वास गर्दै आए तर उनीहरुको बानी र व्यवहारबाट जनताहरु भने वाक्क दिक्क भएका छन् । स्वास्थ्य जस्तो संवेदनशील विषयमा यहाँका राजनीतिक दल र जनप्रतिनिधिहरुको भूमिका प्रभावकारी बन्न नसक्नु दुखद् हो । चिकित्सक सरुवाको विषयमा अझ यहाँबाट प्रतिनिधि सभा र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसदहरुको भूमिका समेत राम्रो देखिएन । नेता तथा सांसदहरुको लागि राज्य स्तरबाटै राम्रो अस्पतालमा उपचारको व्यबस्था रहेकाले सरकारी अस्पतालप्रति चासो नभएको आम सर्वसाधरणको बुझाई छ । पाल्पाका हरेक गतिविधी तथा क्रियाकलायमा विभिन्न राजनीतिक दाउँपेचको कारण फलानो पार्टीको समितिमा अध्यक्ष छ मैले किन सहयोग गर्ने ? र मेरो पार्टीले किन पहल गर्ने भन्ने गलत धाराणाको कारण पनि पाल्पाको विकास दिनहुँ ओरालो लाग्दै गएको हो । भाषणमा हामीले यसो गर्छौं, उसो गर्छौं भन्दै हिड्ने तर यथार्थमा भने एक पार्टीले गरेको काम अर्को पार्टीले जस लिनै नचाहने परम्परा रोगकै रुपमा देखा परेको छ ।

विभिन्न अस्पताल तथा निजी क्लिनिकहरुमा लगानी गरेका राजनीतिक दलका केही नेता तथा जनप्रतिनिधीहरुलाई जिल्ला अस्पतालमा राम्रो चिकित्सक आउँदा आफ्नो क्षेत्रको आम्दानी घट्ने टाउको दुखाई भने चिकित्सक सरुवाले निको भएको छ । लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालयले पनि हाजिर भएको ३ दिनमै चिकित्सक सरुवा गरेर पाल्पाली जनतामाथी प्रहार गरेको महशुस सर्वसाधारणले गरेका छन् । अब जनता धेरै सचेत भइसेकका छन् । अब पनि नेताहरुले यस्तै गतिविधि दोहोऱ्याई रहने र भाषण मात्रै गर्दै जाने हो भने भोलीका दिनमा आम जनताले ठेगान अवश्य लगाउने छन् । तसर्थ विकास र जनसरोकारका विषयमा केन्द्रीत नहुने हो भने अब भाषणले मात्रै हुँदै । काम गरेर देखाउन जरुरी छ ।

***(लेखक जिल्लाका क्रियाशिल पत्रकार एवं नवजनचेतना दैनिकका पाल्पा संवददाता समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४


### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक क्षेत्रमा प्रभुत्व जमाउन पनि सकिनेछ । | **तुला** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । प्रेमीको सहयोग पाइनेछ । |
| **बृष** : मनोरञ्जनले अवसर गुम्न सक्छ । दिनको उत्तरार्ध भने सुखद् रहनेछ । | **बृश्चिक** : प्रिय व्यक्तिसँग भेटघाट होला। मिहिनेत गरेमा कार्यसिद्धि हुनसक्छ । |
| **मिथुन** : साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। मित्रबाट विशेष सहयोग मिल्नसक्छ । | **धनु** :बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : प्रतिष्ठा कमाउने वेला छ । व्यापार व्यवसायमा फाइदा होला । | **मकर** : शैक्षिक पक्ष कमजोर हुनेछ, तर परिवारमा मेलमिलाप भने राम्रै हुनेछ । |
| **सिंह** : शुभ अशुभ समाचार सुनिएला । मित्रसँग मीठो भेटघाट पनि रहला । | **कुम्भ** : प्रतिष्ठा कमाउने बेला छ । सामाजिक कार्यबाट सन्तोष मिल्नेछ । |
| **कन्या** : प्रेममा मनमुटावका साथै मन कमजोर रहला । मन प्रसन्न रहने छ । | **मीन** : आत्मिक सन्तुष्टि मिल्नेछ । विद्यामा सफलता पाइएला । |

जना प्रविधि

# डिजेल-पेट्रोलका गाडीको आयातमा ठूलो गिरावट, ईभीले लियो 'लिड'

नेपालमा विद्युतीय सवारी(ईभी)को प्रयोग आक्रामक रूपमा बढिरहेको छ । यसको विपरीत, डिजेल-पेट्रोलबाट चल्ने गाडीको आयातमा ठूलो गिरावट देखिएको छ । पछिल्लो समय सहरी सडकमा नयाँ-नयाँ ईभीहरू देखिने गरेका छन् । सडकमा मात्रै नभएर गाडीका सोरुमदेखि नेपालकै ठूलो अटो सोमा समेत विद्युतीय गाडीनै प्रमुख आकर्षण बनेका छन् । व्यवसायीहरू पनि विद्युतीय गाडीतर्फ बढी केन्द्रित हुन थालेका छन् भने, नयाँ-नयाँ ब्रान्डका ईभी भित्रिने क्रम पनि जारी छ । नेपालमा आयात भइरहेका डिजेल-पेट्रोलका गाडी र विद्युतीय गाडीको तुलना गर्ने हो भने गतवर्ष र पछिल्लो दुई महिनामा ईभीले बजार 'लिड' गरेको छ ।



**गत आर्थिक वर्ष र पछिल्लो दुई महिनामा ईभीको आयात बढी**

गत आर्थिक वर्ष २०७९/०८० मा डिजेल-पेट्रोलका गाडीभन्दा बढी विद्युतीय गाडीको आयात भएको छ । भन्सार विभागको तथ्यांकअनुसार गत वर्ष दुई हजार ८७२ डिजेल-पेट्रोलका जीप, भ्यान तथा कार आयात भएका छन् । तर, सोही एक वर्षमा आयात भएका ईभीको संख्या भने, चार हजार ५० रहेको छ । यस्तै, चालु आर्थिक वर्ष २०८०/०८१ को दुई महिनामा आयात हुनेमा जिवाश्म इन्धनका गाडी भन्दा ईभीकै संख्या बढी छ । भन्सार विभागका अनुसार पछिल्लो दुई महिनामा भित्रिएका डिजेल-पेट्रोलका गाडीको संख्या ६९२ छ । यसै अवधिमा भित्रिएका ईभीको संख्या भने, ८९८ रहेको छ ।

**झन्डै १५ हजारसम्म थियो आयात**

अघिल्लो आर्थिक वर्ष २०७८/०७९ मा १४ हजार ८७४ वटा डिजेल-पेट्रोलका गाडी आयात भएका थिए । त्यस वर्ष भित्रिएका ईभीको संख्या भने, १ हजार ८०७ मात्रै थियो । आर्थिक वर्ष २०७७/०७८ मा १४ हजार ८६४ गाडी नेपाल भित्रिएका थिए । त्यस वर्ष भित्रिएका ईभीको संख्या भने २४९ रहेको भन्सार विभागको तथ्यांकमा उल्लेख छ । आर्थिक वर्ष २०७६/०७७ मा भित्रिएका डिजेल-पेट्रोलका गाडीको संख्या १० हजार ३९८ छ । त्यस वर्ष ईभी भने, करिब ६०० को हाराहारीमा भित्रिएको भन्सार विभागको तथ्यांक छ ।

**के भन्छन् व्यवसायी ?**

नेपालमा पेट्रोलियम पदार्थबाट चल्ने गाडीको आयात घटेको नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका उपाध्यक्ष राजनबाबु श्रेष्ठ स्वीकार्छन् । पछिल्लो समय उपभोक्ताले पेट्रोलियम भन्दा विद्युतीय गाडीलाई बढी रोजाइमा पारिरहेको उनी बताउँछन् । तर, गत आर्थिक वर्षमा पेट्रोलियम पदार्थका गाडीको आयात ठूलो मात्रामा घट्नु पछाडी आयातमा लागेको प्रतिबन्ध पनि महत्वपूर्ण कारण भएको उनले बताए । सरकारले विदेशी मुद्रा सञ्चिती घटेको भन्दै गत वर्ष २०७९ को वैशाख १३ गते चारपाग्रेसहित विभिन्न १० वस्तुको आयातमा प्रतिबन्ध लगाएको थियो । करिब आठ महिनासम्म रहेको उक्त प्रतिबन्धका कारण चारपाङग्रेको आयात रोकिएको थियो । "प्रतिबन्धले पनि आयात कम भयो । बैंक तथा वित्तीय संस्थाहरूले पेट्रोलियम गाडीको फाइनान्सिङमा इच्छा कम देखाए र ईएमआई पनि ५० प्रतिशत मात्रै कायम रह्यो," सिप्रदी ट्रेडिङका सीईओ समेत रहेका श्रेष्ठले भने, "इन्धनको मूल्य बढेका कारण पनि मानिसहरूले पेट्रोलियम पदार्थका गाडी खरिदभन्दा ईभीतिर बढी चासो दिइरहेका छन् ।" अर्कातिर ईभीको आयात बढ्नुमा सहज फाइनान्सिङ, न्यून सञ्चालन खर्च र मानिसहरूको आम्दानी घट्नु जस्ता कारण रहेको उनको भनाइ छ । "इन्धनको तुलनामा ईभी चलाउँदा खर्च कम छ, मानिसहरूको आम्दानी घटेको छ उनीहरूले सस्तो र दिगो खोजिरहँदा विद्युतीय गाडी रोजिरहेका छन्," उनले भने ।

-बाह्रखरी डटकम

# सुस्त भूकम्पले भविष्यमा आउने ठूलो भूकम्पको पूर्वानुमान गर्छ ?

**प्रदीप देवकोटा :**

सामान्यतः पृथ्वीमा कुनै ठूलो भूकम्प गएपछि केही मिनेटसम्म यसको कम्पन रहिरहन्छ र यसले शक्तिशाली भूकम्पीय तरङ्ग प्रसारण गरिरहन्छ, जसलाई 'आफ्टर सक' अथवा मुख्य भूकम्पपछिका साना भूकम्प भन्ने गरिन्छ । मुख्य भूकम्पपछि यस्ता साना मझौला खालका भूकम्प जानु सामान्य मानिन्छ तर लगभग आजभन्दा २३ वर्ष पहिले वैज्ञानिकले ठूला भूकम्प गइसकेपछि एकदमै सुस्त गतिका भूकम्प (स्लो अर्थक्वेक)का घटना पत्ता लगाएका थिए । यस्ता सुस्त गतिका भूकम्प जमिनमुनिको सतह एकदमै धिमा गतिमा चिरिँदा वा फाट्दा जाने गर्छन् र यसको समयावधि केही दिनदेखि केही महिनासम्मको रहन्छ ।

यस्ता सुस्त भूकम्प जानका लागि निकै ठूलो टेक्टोनिक घर्षण आवश्यक पर्छ, तिनीहरूको कम्पन हामीले महसुस गर्न भने सक्दैनौं । सुस्त भूकम्पले निकट भविष्यमा आउन सक्ने ठूला भूकम्पलाई संकेत गर्न सक्ने हुनाले तिनीहरूको निरन्तर निगरानी र व्यवहारको विश्लेषणबाट अन्य ठूला विनाशकारी भूकम्प तथा सुनामीको सही पूर्वानुमान लगाउन सकिन्छ । सुस्त भूकम्पलाई बुझ्न र अध्ययन गर्नका लागि तिनीहरू समयसँगै कसरी परिवर्तन हुन्छन् भनेर जान्न आवश्यक छ । यसका लागि शोधकर्ताले वर्गीकरण (स्केलिङ)को नियम प्रयोग गर्छन्, जसअन्तर्गत दुई मात्रा (परिमाण) बीचको अन्तर्सम्बन्धलाई गुणात्मक रूपमा परिभाषित गरिन्छ । सन् २००७ मा, अनुसन्धानकर्तले भूकम्पको म्याग्निच्युड र समयावधिसँग सम्बन्धित भूकम्प वर्गीकरणको नियम प्रस्ताव गरे, जसले सुस्त र द्रुत (छिटो) भूकम्पलाई छुट्याउन मद्दत गर्‍यो, जुन आफैंमा विवादास्पद रह्यो । भूकम्प वर्गीकरणको नियम अनुसार, सुस्त भूकम्पका लागि यसको परिमाण (साइस्मिक मोमेन्ट) बढ्दै जाँदा भूकम्प गइरहने अवधि समानुपातिक रूपमा बढ्छ । द्रुत भूकम्पको हकमा भूकम्पको परिमाण र यसको समयावधिको सम्बन्ध रेखीय (समानान्तर) रूपमा नभई घनीय (इसोमेट्रिक) रूपमा समानुपातिक हुन्छ भनिएको छ, जसको सोभो अर्थ द्रुत भूकम्पको समयावधि एकदमै छोटो हुन्छ, तर यसको परिमाण एकदमै छिटोसँग बढ्छ भन्ने हुन्छ । यस भूकम्प वर्गीकरणको नियममाथि थुप्रै अनुसन्धानकर्ताबाट आलोचना हुन थाल्यो किनकि यस नियमले सुस्त भूकम्प र द्रुत भूकम्पका बीचमा पर्ने अन्य भूकम्पहरू, जुन यस नियमभित्र पर्दैनथे, त्यस्ता भूकम्प आउन सक्ने सम्भाव्यता के कति थियो भनेर भन्दैनथ्यो । त्यसैले यसको वैधानिकतामाथि पनि प्रश्न उठ्न थालेको थियो । टोकियो विश्वविद्यालयका भूगर्भविद् सातोसी इडे र स्यानफोर्ड विश्वविद्यालयका ग्रेगरी बेरोजाले उक्त भूकम्प वर्गीकरणको नियमलाई थप तथ्यका आधारमा बलियो बनाउँदै लगे र यसको अन्तर्सम्बन्धलाई पुनःव्याख्या गर्दै र विवादलाई सम्बोधन गरे । नयाँ भूकम्प पत्ता लगाउने प्रविधिको विकास भएसँगै र १६ वर्षमा निरन्तर रेकर्ड गरिएको तथ्याङ्कको गहन अध्ययनपछि इडे र बेरोजाले यो निष्कर्ष निकाले – पहिलेको नियममा धेरै गलत तथ्याङ्क गणना भएका थिं र त्यस्ता तथ्याङ्कका आधारमा सिर्जित नियम आफैंमा असंगत हुन् । भूकम्पलाई सुस्त वा द्रुत गर्न त्यसको गति सीमाले निर्धारण गर्ने र अन्य भौतिक प्रक्रियाले पनि सुस्त र द्रुत भूकम्पमा फरक पार्न सक्ने उनीहरूको सुझाव थियो । सुस्त भूकम्पमा फरक 'फ्रिक्वेन्सी ब्यान्ड' भएका घटना समावेश हुने भएकाले तिनीहरू द्रुत भूकम्पभन्दा धेरै विविध हुने गर्छन् । तिनीहरूलाई विभिन्न नाम दिइएको थियो, जस्तो : कम फ्रिक्वेन्सी भएका भूकम्पहरू, टेक्टोनिक कम्पनहरू, धेरै कम-फ्रिक्वेन्सीका भूकम्पहरू र ढिलो चिरा पर्ने घटनाहरू । त्यसैले एकै प्रकारको सुस्त भूकम्पहरूको अवलोकन गर्ने अनुसन्धानकर्ताले अन्य फरक प्रकारका भूकम्पलाई अप्रासंगिक ठाने । 'हाम्रो अध्ययनले पुष्टि गर्‍यो कि यी सबै घटना पारस्परिक रूपमा अन्तर्सम्बन्धित छन्, वा विभिन्न संकेत वा तरङ्ग पैदा गर्ने कुनै एकल घटना मात्र मान्न सकिन्छ,' इडे भन्छन् । सुस्त भूकम्पहरू यति सूक्ष्म र दुर्गम हुन्छन् कि तिनलाई पत्ता लगाउनु र मापन गर्नु एकदमै कठिन र चुनौतीपूर्ण हुन्छ । सुस्त भूकम्प मापन गर्दा धेरै त्रुटि हुने हुँदा केही ठूला परिमाणका सुस्त भूकम्प मात्र मापन गरिन्छ, जसका लागि इडे र बेरोजाले सुस्त भूकम्पको गतिको माथिल्लो सीमा निर्धारण गरे । त्यसको आधारमा उनीहरूले २००७ को भूकम्प वर्गीकरणको नियमलाई अधिकतम सीमाका साथ पुनः परिभाषित गरे । उनीहरूले एक सेकेन्डभन्दा कम र एक वर्षभन्दा बढीको फराकिलो समय सीमामा विभिन्न भूकम्पको प्रमाणसहित वर्गीकरण गरेर भूकम्प वर्गीकरणको नियममा उब्जेका सम्पूर्ण प्रश्नको विवादलाई मत्थर गरिदिए ।

-रातोपाटी डटकम

# कस्ता हुन्छन् स्मार्ट सिटी ? यस्ता छन् संसारका स्मार्ट सहर

विश्वको जनसंख्या जति तीव्र रुपमा बढिरहेको छ उति नै तीव्र ढंगले मानिसहरुको जिवनशैलीमा पनि परिवर्तन आइरहेको छ । संयुक्त राष्ट्रसंघका अनुसार आगामी केही दशकमै विश्वको ७० प्रतिशत जनसंख्या सहरबासी हुनेछ । अर्थात् सोही मुताबिक आगामी दिनहरुमा विश्वका सबै देशका सुविधाहरु विकसित हुँदै जानेछन् । यद्यपि अहिले भने तस्वीर बिल्कुलै फरक छ । विश्वका केही सहरहरु जनसंख्या विस्फोटसँग जुधिरहेका छन् र गरिबी तथा दयनीयताको नमूना पेस गरिरहेका छन् भने केही देशहरु स्मार्ट प्रविधि अवलम्बन गर्दै तीव्र रुपमा आफ्ना सहरहरुलाई स्मार्ट सहरमा बदलिरहेका छन् । हाम्रो देशमा पनि बेला बखतमा राजधानी लगायतका विभिन्न सहरलाई स्मार्ट सिटी बनाउने कुरा चल्छ । आखिर एउटा स्मार्ट सिटी कस्तो हुन्छ ? त्यसका मापदण्डहरु के के हुन् ? स्मार्ट सहरमा बस्ने मानिसहरुको जीवनशैली कस्तो हुन्छ ? विकाशोन्मुख तथा विकाशशील देशहरुले आफ्ना सहरहरुको जिवनशैलीलाई विश्वस्तरको बनाउनका लागि कति मेहेनत गर्नुपर्छ त ?

**के ले बनाउछ सहरलाई स्मार्ट ?**

वर्ल्ड अर्बन फोरमका अनुसार विश्वभरमा १० हजारभन्दा धेरै सहर भए पनि स्मार्ट भन्न मिल्ने सहर भने औंलामा गन्न सकिने मात्रै छन् । यहीँनेर प्रश्न उठ्छ कि आखिर यस्ता के खुबीहरू हुन्छन् जसले एउटा सहरलाई स्मार्ट बनाउँछ । वास्तवमा कुनै सहरलाई स्मार्ट बनाउनका लागि विभिन्न मानकहरु छन् । जस्तै आधारभूत संरचना अर्थात् भौतिक संरचना, डिजिटल कनेक्सन, पर्यावरण र विकासको सन्तुलन, शिक्षा-चिकित्सा र हरित ऊर्जा स्रोतहरुको पर्याप्त संसाधनको उपलब्धता, आधुनिक परिवहन इत्यादि । एउटा स्मार्ट सिटीमा मानिसहरुको तथ्यांकको आधारमा योजना निर्माण हुन्छ, नागरिक कल्याण तथा सरकारी सेवाहरुमा तिनै तथ्यांकको आधारमा सेवाहरुलाई उत्कृष्ट बनाउनका लागि योजना तय गरिन्छ । सबैभन्दा अहम् कुरा त मानिसहरुको डिजिटल तथ्यांक हो जसबाट केवल पहिचान बलियो मात्र हुँदैन जनकल्याणको कार्यक्रमको लाभसमेत सही तथा लक्षित मानिससम्म पुऱ्याउनका लागि सहयोग पुग्दछ ।

**स्मार्ट सहरको आवश्यकता किन ?**

संयुक्त राष्ट्रसंघको रिपोर्ट अनुसार विश्वको जनसंख्या तथा रहनसहनमा ठूलो परिवर्तन आउनेवाला छ । सहरीकरण, औद्योगीकरण तथा ग्रामीण इलाकाबाट मानिसहरुको पलायनका कारण सन् २०५० सम्ममा ७० प्रतिशत जनसंख्या सहरी क्षेत्रमा बसोबास गर्नेछन् । अर्थात् आगामी तीन दशकमा सहरी जनसंख्यामा अढाइ अर्बले वृद्धि हुनेछ । यतिधेरै जनसंख्याका लागि खाना, सुलभ घर, शिक्षा, चिकित्सा, बिजुली, खाना पकाउने इन्धन, परिवहन जस्ता अत्यावश्यक सुविधाहरु उपलब्ध गराउनुपर्नेछ । अरबौं मानिसहरुका लागि यति ठूलो परिमाणमा यतिधेरै चिजहरु जुटाउने कुरा प्रविधि विना सम्भव छैन । त्यसैले विश्वभर नै स्मार्ट सिटीको अवधारणा विकास भैरहेको छ ।

**स्मार्ट सिटीको जीवनशैली कस्तिको स्मार्ट हुन्छ ?**

वास्तवमा कुनै पनि सहर स्मार्ट तब बन्दछ जब उसले आफ्ना दैनन् दिनका कामहरुमा तीव्र गतिमा प्रविधिलाई अपनाएको हुन्छ । सिंगापुरको युनिभर्सिटी अफ टेक्नोलोजी एण्ड डिजाइनले अर्थतन्त्र, प्रविधिको अवलम्बन तथा नागरिकहरुको जीवनशैलीको आधारमा संसारका सहरहरुको मूल्यांकन गर्दछ र कुन सहर कत्तिको स्मार्ट छ भन्ने वर्गीकरण गर्दछ । सिंगापुर, नर्वेको ओस्लो, फिनल्याण्डको हेलसिंकी, स्विजरल्याण्डको ज्यूरिच जस्ता सहर विश्वका सबैभन्दा उत्कृष्ट स्मार्ट सहरहरुको सूचिमा शीर्ष स्थानमा आउँछन् । आखिर त्यहाँको जीवनशैली यस्ता के परिवर्तन आएका छन् कि ती सहरहरुले आफ्ना बासिन्दालाई स्मार्ट जीवनशैली प्रदान गर्न सक्षम भए । आखिर त्यहाँ कसरी काम हुन्छ र भविष्यको कुन योजनामा उनीहरुले काम गरिरहेका छन् ? आउनुहोस् संसारका स्मार्ट सहरहरुको बारेमा बुझौं :

**१.स्मार्ट सुविधाले भरिपूर्ण एम्सटर्डम सहर**

समुद्रबाट जमिन खोसेर आफ्नो वस्ती बसाल्नका लागि चर्चित नेदरल्याण्डसको राजधानी सहरको कथा निकै फरक छ । एम्सटर्डम सहरमा सन् २००९ मा स्मार्ट सिटी परियोजना सुरु भएको थियो । जसमा सहरका १७० थरीका सेवा सुविधाहरुलाई एकसाथ जोडेर स्मार्ट बनाउने पहल गरिएको थियो । प्राविधिक नवप्रवर्तनशीलतालाई हरेक काममा संलग्न गरियो ताकि मानिसहरुको जिवन सहज होस् र घरमै बसेर हरेक सुविधासम्म मानिसको पहुँच पुगोस् । त्यसका लागि फोहोर संकलन गर्ने विद्युतीय ट्रकको प्रयोग सुरु गरियो । सौर्यउर्जाबाट सञ्चालित सुविधायुक्त बस बिसौनी बनाइयो र बिलबोर्ड बत्ती जडान गरियो । जमिन अभावको समस्या समाधानका लागि तैरिने गाउँ तयार गरियो अर्थात डुंगाहरुमा घर बनाएर बस्ती बसालियो । सौर्य ऊर्जाबाटै विभिन्न व्यवसायिक कम्पनीहरुको ऊर्जाको आवश्यकता पूरा हुन थाल्यो । सडकमा स्वचालित बत्तीहरू जडान भए । साथै ऊर्जा बचतका लागि अल्ट्रा लो इनर्जीवाला एलइडी लाइट्सको प्रयोगलाई बढावा दिइयो ।

**२. स्मार्ट सिटीसँगै मानिसलाई समेत स्मार्ट बनाउने सिओलको प्रयास :**

दक्षिण कोरियाको राजधानी सिओल प्रविधि अवलम्बन गर्ने मामिलामा विश्वमै सबैभन्दा अगाडि रहेको सहर हो । सहरलाई स्मार्ट बनाउनका लागि सिओलले डिजिटल तथ्यांकको सबैभन्दा उत्कृष्ट तरिकाले प्रयोग गरेको छ । ट्राफिक फ्लो तथा गाडीहरुको गतिको तथ्यांक संकलन गरी स्वचालित नियन्त्रण संकेतहरु हरेक इलाकामा राखिएको छ । ट्राफिक नियम उल्लंघन रोक्नका लागि सिसिटिभीको माध्यमबाट निगरानी बढाइएको छ । यसबाट ट्राफिक व्यवस्थापनको खर्च कम हुनुका साथै सडक सुरक्षामा बढोत्तरी भएको छ ।

वायुको गुणस्तर मापनका लागि सेन्सरको प्रयोग गरिएको छ र यस्ता वायु मापन उपकरणहरुको सूचना सीधै आम मानिसहरुसम्म पुग्दछ । यसबाट मानिसहरु प्रदुषणको मात्रा बढिरहेको स्थितिमा आफैंले हरित उर्जा तथा कम प्रदुषक जीवनशैली अवलम्बन गर्न र आफ्नो स्वास्थ्यको विषयमा आफैं सचेत हुन सकून् । सबै बासिन्दासँग प्रविधिको प्रयोग गर्ने सुविधा होस् भन्नका लागि आम मानिसहरुलाई मोबाइल फोन दान गर्ने अभियानमा सहभागी भएर योगदान गर्नका लागि अपिल गरियो ।

**३. स्मार्ट उपायबाट जीवनशैली बदल्दै सिंगापुर**

सिंगापुरले आफ्नो सहरहरुलाई स्मार्ट बनाउनका लागि सन् २०१४ मा बृहत योजना लागू गर्न सुरु गऱ्यो । यसका लागि सार्वजनिक तथा निजी क्षेत्रमा प्रविधिलाई अवलम्बन गर्ने कुरामा जोड दिइयो । सहरमा हरेक ठाउँमा कन्ट्याक्टलेस भुक्तानी प्रणाली अपनाइयो र सुरुमा देशमा परिवहन प्रणाली प्रयोग गर्ने ७५ लाख मानिसमा यो लागू गरियो । वृद्धावस्थामा प्रवेश गरिरहेको जनसंख्याको जीवन सजिलो बनाउनका लागि डिजिटल स्वास्थ्य प्रणालीको सुरुवात गरियो र उनीहरु घरमै बसेर डाक्टरहरुको प्रत्यक्ष भिडियो परामर्श तथा अन्य स्वास्थ्य सुविधा लिन सकून् । बिरामीहरुको स्वास्थ्यको निगरानी सहज होस् भन्नका लागि उपकरण तथा इन्टरनेटको सुविधालाई सस्तो बनाइयो । सिंगापुरले सन् २०२१ मा नयाँ इको स्मार्ट सिटीको घोषणा गरेको थियो जसको उद्देश्य सहरलाई पूर्णरुपमा निजी प्रदूषक गाडीमुक्त गराउनु थियो । परिवहनलाई पूर्णरुपमा सार्वजनिक बनाउनु र हरित ऊर्जा प्रविधिमा आधारित बनाउनु यसको लक्ष्य हो । सिंगापुरको पश्चिमी क्षेत्रस्थित फरेस्ट सिटीमा ४२ हजार मानिसको वस्ती बसाउने योजना बनाइयो जसमा आधुनिक प्रविधि र पर्यावरणको पूर्ण सन्तुलन हुन्छ । त्यहाँ पैदलयात्री तथा साइकलको प्रयोग गर्नेहरुका लागि विशेष रुपमा सुविधाहरुको विकास गरिएको छ ।

**४. खुसी सूचकांकमा शीर्ष स्थानमा रहेको हेलसिंकीको रहस्य**

विश्व खुसी सूचकांकमा विश्वमै शीर्ष स्थानमा रहेको फिनल्याण्डको राजधानी हेलसिंकी सहरले स्मार्ट सिटी बन्नका लागि ठूलो लक्ष्य तय गऱ्यो । यस सहरले सन् २०३५ सम्ममा शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्ने योजना बनाएको छ । यहाँसम्म कि आगामी १२ वर्षभित्रमा ट्राफिकबाट हुने उत्सर्जनलाई ६९ प्रतिशतले घटाउने लक्ष्यमा यो सहरले काम गरिरहेको छ । सहरका सबै बस प्रणालीलाई विद्युतीय बसमा परिणत गरिएको छ । हरेक ठाउँमा विद्युतीय कार चार्जिङ स्टेशन निर्माण गरिएको छ भने मेट्रो प्रणाली विकास गरी तीव्र रुपमा सहरको परिवहन प्रणालीलाई बदलिएको छ । आवासीय भवनहरुमा ऊर्जाका हरित स्रोतहरुको प्रयोग बढाउनु तथा भवनहरुको निर्माण गर्दा नयाँ प्रविधिको प्रयोगमा जोड दिइएको छ । ज्येष्ठ नागरिकहरुको पेन्सन, घरमै आएर स्वास्थ्य जाँच तथा आधुनिक स्वास्थ्य निगरानी प्रणालीका माध्यमबाट नागरिकहरुको जिवनलाई सहज बनाउने काम भएको छ ।

**५. सेन्सर प्रविधि र स्मार्ट भवन व्यवस्थापन प्रणालीले युक्त ज्यूरिच सहर :**

स्विट्जरल्याण्डको ज्यूरिच सहर स्मार्ट सुविधाहरुका लागि एक उदाहरण नै हो । जीवनको गुणवत्ताको मामिलामा यो सहर विश्वमा चौथो स्थानमा आउँछ । फोहोरको पुनःचक्रण, हरित ऊर्जा, डिजिटल सुरक्षा, उत्कृष्ट स्वास्थ्य सुविधा, आधुनिक शिक्षा सुविधाहरुको माध्यमबाट आम सहरबासीहरुको जिवन सहज गर्ने र डिजिटल डिभाइडलाई कम गर्नमा केन्द्रित हुँदै ज्यूरिचले आफ्नो प्रणालीलाई विश्वका अन्य सहरभन्दा फरक ढंगले विकास गरेको छ । सहरमा सडकबत्तीलाई स्मार्ट बनाउनका लागि विशेष योजना सुरु गरिएको छ । सहरका सबै सडकहरुमा सेन्सरबाट चल्ने सडक बत्तीहरु जोडिएको छ जो ट्राफिक अनुसार स्वचालित रुपमा बल्ने र निभ्ने गर्दछन् । यसले एकातर्फ सडकमा धेरै गाडीहरु गुडिरहेको बेलामा आवश्यक पूरै प्रकाश उपलब्ध गराउने तथा कम ट्राफिकको बेलामा आवश्यकता अनुसार कम प्रकाशको व्यवस्था गर्दछ । यो प्रणालीको प्रयोग पश्चात् सडक बत्तीमा खपत हुने उर्जामा ७० प्रतिशत सम्मले कमी आएको छ ।

**६. विद्युतीय सवारीको प्रविधि अपनाउँदै ओस्लो :**

उसो त ६ लाख ७० हजार जनसंख्या भएको नर्वेको ओस्लो सहर विश्वका सबैभन्दा आधुनिक सहरमध्येमा त्यसै गणना भएको होइन । यहाँका सडकदेखि लिएर हरेक क्षेत्रमा स्मार्ट सुविधाहरुको झलक देख्न सकिन्छ । ओस्लोलाई विद्युतीय कारको सहरभन्दा पनि फरक पर्दैन । सहरका अधिकांश सवारी साधनहरू विद्युतीयमा परिणत भैसकेका छन् र आगामी २ वर्षभित्रमा सहरका सबै गाडीलाई विद्युतीय गाडीले विस्थापित गर्ने लक्ष्य तय गरिएको छ ।

-अनलाइन खबर डटकम

# पाल्पा र गुल्मीका उपप्रमुख, उपाध्यक्षहरुबिच अन्तर्क्रिया




**पाल्पा,** असोज २२/पाल्पा र गुल्मीका स्थानीय तहका उपप्रमुख र उपाध्यक्षहरुबिच पाल्पाको रामपुरमा अन्तर्क्रिया भएको छ । प्रदेश सुशासन केन्द्र लुम्बिनी प्रदेश र रामपुर नगरपालिकाको आयोजना, सुशासनका लागि क्षमता विकास कार्यक्रमको प्राविधिक सहयोगमा 'अभ्यास समूह' अन्तर्क्रिया भएको हो ।

कार्यक्रममा सुशासन, बार्षिक योजना तथा बजेट निर्माण, बजेट तथा योजना तर्जुमाका आधार, योजना तर्जुमा प्रक्रिया, स्रोत परिचालन लगाएतका विषयमा छलफल भएको थियो । उक्त कार्यक्रममा रामपुर नगरपालिकाका नगर प्रमुख रमणबहादुर थापाले स्थानीय तहमा पालिकाको प्रमुख वा अध्यक्षको भन्दा उपप्रमुख र उपाध्यक्षको महत्वपूर्ण जिम्मेवारी हुने गरेको बताए । उनले न्याय सम्पादन, योजना तथा उपभोक्ता समितिको अनुगमन, बजेट निर्माण, राजश्व परामर्श समिति लगायतका अधिकांस क्षेत्र हेर्ने जिम्मेवारी उपप्रमुख वा उपाध्यक्षको भएकाले पनि पालिकामा सुशान कायम गर्न उनीहरुको भूमिका महत्वपूर्ण हुने धारणा व्यक्त गरे । नगर प्रमुख थापाले कार्य सम्पादनको महत्वपूर्ण अंक सुशासन भएको भन्दै यसका लागि कार्यान्वयन आवश्यक रहेको औल्याए ।

रामपुर नगरपालिकाकी उपप्रमुख बालकुमारी थापाले पाल्पा र गुल्मीका स्थानीय तहले असल अभ्यास आदान-प्रदानका लागि गरेको यो कार्यक्रम अत्यन्तै प्रभावकारी भएको बताइन् । आवश्यकता अनुसारको कार्यक्रमले कार्य सम्पादन र पालिकाको सुशासनमा सघाउ पुगेको उनले विश्वास व्यक्त गरिन् । कार्यक्रमको सहजीकरण प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम प्रदेश प्रशिक्षण प्रतिष्ठानका क्षमता विकास विज्ञ बलराम शर्मा र सुशासनका लागि क्षमता विकास कार्यक्रमका प्रदेश संयोजक निराजन सुवेदीले गरेका थिए । एक पालिका एक विषय माथि छलफल सहित अन्तर्क्रिया गर्दै आएको सुशासनका लागि क्षमता विकास कार्यक्रमका प्रदेश संयोजक सुवेदीले बताए । कार्यक्रममा पाल्पा र गुल्मीका स्थानीय तहका उपप्रमुख र उपाध्यक्षहरुको सहभागिता रहेको थियो । रामपुर नगरपालिकाकी उपप्रमुख बालकुमारी थापाको अध्यक्षता, प्रवक्ता कपिलबहादुर खाँणको स्वागत, क्षमता विकास कार्यक्रमका प्रदेश संयोजक निराजन सुवेदीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# आज मानसिक स्वास्थ्य दिवस मनाइँदै




**पाल्पा,** असोज २२/आज विश्व मानसिक स्वास्थ्य दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाईदैछ । मानसिक स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि गर्ने उद्देश्यले हरेक वर्षको अक्टोबर १० तारिखमा यो दिवस मनाइन्छ । सन् १९९२ देखि अक्टोबर १० तारिखमा दिवस मनाउने गरिएको हो ।

मानसिक अस्वस्थताका कारण वा असामान्य सामाजिक, आर्थिक वा अरू परिस्थितिबाट मानसिक समस्यामा पुगेका मानिसको मानव अधिकारलाई प्रवर्द्धन गर्ने तथा यस्तो परिस्थितिको जोखिमबारे परिवार, समाज र राज्यलाई सचेत गराउने मुख्य उद्देश्यसाथ हरेक वर्ष आजकै दिन विश्व मानसिक स्वास्थ्य दिवस मानाइन्छ । यस वर्ष 'मानसिक स्वास्थ्य मानव अधिकार हो' भन्ने नारा साथ विश्वभरि यो दिवस मनाइँदै छ । विशेषगरी मानसिक समस्यामा परेका मानिसको सन्दर्भमा उनीहरूको शारीरिक रोगलाई उपेक्षा गरेको पाइन्छ भने जटिल प्रकृतिका शारीरिक रोगहरूसँग जुधिरहेका मानिसको मानसिक समस्यालाई चासो दिइँदैन । जसका कारण दिवस नेपालका लागि सान्दर्भिक छ । नेपालमा मानसिक र शारीरिक उपचारका क्षेत्रमा चरम विभेद छ । मानसिक र शारीरिक स्वास्थ्य सेवाको समायोजित विकासबिना सन्तुलित स्वास्थ्य सेवा प्रदान गर्न सकिँदैन । बढ्दो बेरोजगारी, अव्यवस्थित जीवनशैली, असफलता, मानसिक तनाव लगायत समस्याले नेपालमा मानसिक रोगीको संख्या हरेक वर्ष बढ्दै गएको चिकित्सकले बताएका छन् । मानसिक समस्या खतरनाक हुने भएकाले बेलेमै उपचार गर्न र समस्यामा परेकालाई राम्रो व्यवहार देखाउन चिकित्सकले आग्रह गरेका छन् । चिकित्सकले मानसिक समस्याको उपचारमा ध्यान नदिँदा धेरैले ज्यान गुमाउने गरेकाले बेलैमा सचेत हुन समेत सुझाव दिएका छन् । स्वास्थ्यको मानसिक, मनोवैज्ञानिक र सामाजिक आयाम र सरोकारलाई स्वास्थ्य कार्यक्रमभित्रै पनि जनस्वास्थ्यसँग समाहित गरिएको छैन । मानसिक रोगको आकलन, बिमारी र तिनका अभिभावकलाई सहजीकरण र भरथेग गर्ने, उपचार गर्ने जनशक्ति तथा सामाजिक सेवाकर्ता अत्यन्तै कम छन् ।

# दसैँको मुखमा अखाद्य...

...अनुगमनका क्रममा मिति गुज्रेका सामग्रीसमेत मिति कायम भएका सामग्रीसँगै राखेर बिक्री गरेको पाइएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका खाद्य प्राविधिक सहन्साकुमार महतोले जानकारी दिए । उनका अनुसार चाडबाडको मुखमा व्यापारीलाई कारबाही नभएर सचेत गराउँदै हिँडेको र अखाद्य वस्तु नष्ट गरिएको छ । दसैँको मुखमा मासु तथा फलफूलको व्यापार बढी हुने भएकाले मासु र फलफूलको अनुमगनसमेत गर्न थालिएको नगर उपप्रमुख राजु खड्काले बताए । बागलुङ बजारलाई चुस्तदुरुस्त र बजार अनुगमनलाई प्रभावकारी बनाउनका लागि बागलुङका थोक व्यवसायी र सरोकारवालाहरूलाई सँगै राखेर छलफलसमेत गर्दै आएको नगरपालिकाले जनाएको छ ।

चाडपर्व नजिकिँदै गएको अवस्था र बजारलाई चुस्तदुरुस्त, सुरक्षित तथा मर्यादित बनाउनका लागि नगरपालिकाको उपभोक्ता हित संरक्षण समिति र डिलर एसोसिएसन बीचको छलफलले उपभोग्य मिति कम रहेका सामग्री बागलुङमा नल्याउने र बिक्री नगर्ने, डिलर तथा थोक व्यवसायीहरूले बजारमा म्याद सकिएका खाद्य सामग्री भए नभएको नियमित हेरेर त्यस्ता सामान समय-समयमा उठाउने व्यवस्था गर्ने, बिना बिल कुनै पनि सामान खरिद बिक्री नगर्ने र डिलर तथा थोक व्यवसायीले आफूले सामान दिने खुद्रा बिक्रेताहरूको सूची तयार गरि राख्ने गरी काम भइरहेको उपप्रमुख खड्काले बताए । *-रासस*

## खेलकुद समाचार

# फिफा विश्वकप आयोजनाका लागि साउदीलाई एन्फाका





**काठमाडौं,** असोज २२/अखिल नेपाल फुटबल संघ (एन्फा) ले सन् २०३४ को फिफा विश्वकप आयोजनाका लागि साउदी अरेबियालाई सघाउने भएको छ । सन् २०३४ को पुरुष विश्वकप आयोजनाका लागि साउदी अरेबियाले दाबी प्रस्तुत गरिसकेको छ ।

'सन् २०३४ को फिफा विश्वकप आयोजनाका लागि दाबी गर्ने साउदी अरेबियाको अभियानमा अखिल नेपाल फुटबल संघको पूर्ण समर्थन रहेको छ । १२ वर्षपछि पुनः दोस्रो पटक एसियामा विश्वकप आयोजना गर्ने साउदी अरेबियाको अभियानलाई हामी स्वागत पनि गर्न चाहन्छौं,' एन्फाद्वारा जारी विज्ञप्तिमा भनिएको छ । यसअघि सन् २०२२ को पुरुष विश्वकप एसियाली राष्ट्रय कतारले आयोजना गरेको थियो । सन् २०२६ को विश्वकप भने अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रुपमा आयोजना गर्दैछन् । त्यसपछि सन् २०३० को विश्वकप तीन महादेशका ६ वटा देशमा आयोजना हुने विश्व फुटबल महासंघ (फिफा) ले जनाएको छ । सन् २०३० को विश्वकपको सुरुको तीन खेल दक्षिण अमेरिकी राष्ट्र अर्जेन्टिना, पाराग्वे र उरुग्वेमा खेलाइने छ । बाँकी खेल स्पेन, पोर्चुगल र मोरोक्कोमा खेलाइने छ । स्पेन र पोर्चुगल युरोपेली राष्ट्र हुन भने मोरक्को उत्तर अफ्रिकी राष्ट्र हो । फिफा विश्वकप सुरु भएको एक सय वर्ष पुगेको अवसरमा सुरुका तीनवटा खेल दक्षिण अमेरिकी राष्ट्रमा खेलाउन लागिएको फिफाले जनाएको हो । फिफा विश्वकपको पहिलो संस्करण सन् १९३० मा उरुग्वेमा आयोजना भएको थियो । सन् २०३४ को विश्वकप आयोजनाका लागि एसिया र ओसेनियाका फुटबल महासंघ अन्तर्गतका सदस्य राष्ट्रहरुले मात्र दाबी गर्न पाउने छन् । सोही प्रावधान अन्तर्गत रहेर साउदी अरेबियाको फुटबल संघले विश्वकप आयोजनाको दाबी गरेको हो । सन् २०३४ को विश्वकप आयोजनाका लागि चीनले पनि चासो देखाएको छ । अस्ट्रेलिया र न्युजिल्यान्डले पनि संयुक्त रुपमा विश्वकप आयोजना गर्ने चाहना राखेका छन् । कजाकस्तान र उज्बेकिस्तानले पनि संयुक्त रुपमा सन् २०३४ को फिफा विश्वकप आयोजना गर्न चाहेका छन् । यसका अतिरिक्त दक्षिण–पूर्वी एसियाली राष्ट्रहरु (आसियान) ले पनि संयुक्त रुपमा सन् २०३४ को विश्वकप आयोजनाका लागि दाबी गर्ने सम्भावना छ । एन्फाले भने उक्त अभियानमा साउदी अरेबियालाई समर्थन गर्ने भएको छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५–५२०६०१

## कर्पोरेट/अर्थ समाचार

# दसैँका लागि टिकट बुकिङ खुला





**पाल्पा,** असोज २२/दशैंमा घर फर्किनेहरुका लागि अग्रीम टिकट बुकिङ खुला गरिएको छ । सरकारले पर्वलाई लक्षित गरी काठमाडौंबाट घर जाने यात्रुलाई सोमबारदेखि अग्रिम टिकट बुकिङ खुला गरेको हो ।

घटस्थापना आउन ६ दिन बाँकी रहँदा सरकारले अग्रिम टिकट बुकिङ खुला गरेसँगै काठमाडौंको बसपार्कमा टिकट लिन बिहानैदेखि यात्रुको भीड लागेको छ । नयाँ बसपार्कमा गत वर्षहरुका तुलनामा यस वर्ष यात्रुको भीडभाडसमेत बढेको बताइएको छ । देशका विभिन्न क्षेत्रबाट संघीय राजधानी काठमाडौंमा अध्ययन, व्यापार व्यवसाय, रोजगारीको लागि आएका चाडपर्व मनाउन घर फर्कन थालेका छन् । हरेक वर्ष दसैं मनाउनका लागि काठमाडौंबाट २० देखि २२ लाख यात्रु उपत्यकाबाट बाहिरिने गरेका छन् । अघिल्ला वर्षमा दशैं सुरु हुनुभन्दा झण्डै एक महिना अगाडि नै लामो तथा मध्यम दूरीमा जाने सार्वजनिक सवारी साधनको अग्रिम टिकट बुकिङ खुलाउने गरे पनि यस वर्ष केही ढिला भएको छ ।

व्यवसायीले गाडी भाडा नबढाए बुकिङ नखोल्ने अडान राख्दै आएपछि टिकट खुलाउन केही ढिलाई भएको थियो । सरकारसँगको छलफलमा व्यवसायीले पुरानै भाडामा अग्रिम टिकट खुल्ला गर्न सहमत भएका छन्। पुरानै भाडा कायम गरेर दसैंका लागि अग्रिम टिकट बुकिङ खुल्ला गर्ने निर्णय भएपछि टिकट खुला भएको हो । टिकट बिक्रीको अनुगमनलाई तीव्र पारिने मन्त्रालयले जनाएको छ । कालोबजारीमा टिकट बिक्री नहोस् भनेर विभागले टिकट बुकिङ खुल्ने दिनबाट नै कडा अनुगमन गर्ने छ । दसैंका लागि मुख्य राजमार्गका खाल्डाखुल्डी पुर्ने र सडकलाई सहज बनाउने कामलाई तीव्र पारिएको भौतिक मन्त्रालयले जनाएको छ । अग्रिम टिकट बुकिङ खुल्ला गरिएसँगै यात्रुको चाप हुने स्थानहरूमा यात्रु सहायता कक्ष स्थापना गरिने समेत यातायात व्यवस्था विभागले जनाएको छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई